**आ.व.२०८१/०८२, मिति २०८२/०२/२७ गते, गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :**

१. आ. व. २०८२।०८३ को बजेट, योजना तथा कार्यक्रम सम्बन्धमा।

२. आ. व. २०८२।०८३ को गाउँ सभाको १८औं अधिवेशन सम्बन्धमा।

३. विविध सम्बन्धमा।

क) राजश्व परामर्श समिति बैठकका निर्णयहरु र राजश्व परामर्श समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा।

ख) शिक्षा समिति बैठकका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा।

ग) विषयगत शाखाका विभिन्न कार्यविधिहरु स्वीकृती सम्बन्धमा।

घ) ढुङ्गा, गिट्टी तथा बालुवा लगायत खानीजन्य पदार्थहरुको उत्खनन, संकलन तथा बिक्री विवरण कार्य बन्द गर्ने सम्बन्धमा ।

ङ) साधनमुढाचौर एक घर एक धारा खानेपानी आयोजनाको ठेक्का म्याद थप सम्बन्धमा।

**आ.व.२०८१/०८२, मिति २०८२/०२/२७ गते, गाउँ कार्यपालिका बैठकका निर्णयहरु :**

**निर्णय १ :** आ. व. २०८२।०८३ को बजेट, योजना, नीति तथा कार्यक्रम निर्माणको कार्यतालिका तपसिल बमोजिम हुने र सोही बमोजिम आवश्यक कार्य अगाडि बढाउने।

**तपसिल**

**आ. व. २०८२।०८३ को वार्षिक योजना तर्जुमा कार्यतालिका सम्बन्धमा।**

| क्र. स. | विभिन्न समिति विवरण तथा अन्य कार्य | मुख्य जिम्मेवारी | मिति | कार्यविवरण | कैफियत |
|---|---|---|---|---|---|
| १. | विषयगत समिति र वडा समिति बैठक, | अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका, वडा समिति, विषयगत समिति, शाखाहरु, कार्यालय र सरोकारवालाहरु | २०८२।०२।२८ गतेदेखि २०८२।०३।०३ गतेसम्म | गाउँपालिकास्तरीय, विषयगत शाखा तथा इकाईस्तरीय, बस्ती तथा वडास्तरीय योजना तयारी, तुर्जुमा, प्राथमिकीकरण, नीति तथा कार्यक्रमको प्रस्तावित विषयहरु वडा समिति र विषयगत समितिको निर्णय सहित सिफारिस गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने। | |
| २. | चालु आ. व. को बजेट कार्यान्वयनको वार्षिक समीक्षा र आगामी आ. व. २०८२।०८३ वार्षिक योजना, कार्यक्रम तथा बजेट पूर्व बहुपक्षीय छलफल | अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका, विभिन्न समिति, कार्यालय र सरोकारवालाहरु | २०८२।०३।०४ गते | योजना, कार्यक्रम तथा बजेट सीमा, चालु आ. व. को समीक्षा र आगामी आ. व. २०८२।०८३ को अध्ययन, विश्लेषण र जानकारी | |
| ३. | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक | अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका, समिति, कार्यालय र सरोकारवालाहरु | २०८२।०२।२८ गतेदेखि २०८२।०३।०५ गतेसम्म | कुल बजेट स्रोत अनुमान, बजेट सीमा निर्धारण मार्गदर्शन तयारी, बजेट मार्गदर्शन तयारी लगायत आवश्यक कार्य गर्ने। | |
| ४. | बजेट तथा कार्यक्रम तर्जुमा समिति बैठक | उपाध्यक्ष, समिति, कार्यालय, योजना शाखा र सरोकारवालाहरु | २०८२।०२।२८ गतेदेखि२०८२।०३।०७ गतेसम्म | सम्पूर्ण योजनाहरु संकलन तथा योजना बैंक तयारी सहित आगामी आ. व. २०८२।०८३ को लागि नीति तथा कार्यक्रम र बजेट आर्थिक ऐन, २०८२ र विनियोजन ऐन, २०८२ निर्माण गरी कार्यपालिकामा निर्णय | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सिफारिस सहित प्रस्ताव तयारी तथा निर्माणको कार्य गर्ने | |
| ५. | कार्यपालिका बैठक | कार्यपालिका, कार्यालय र सरोकारवालाहरु | २०८२।०३।०८ गते | आगामी आ. व. २०८२।०८३ को लागि वार्षिक नीति तथा कार्यक्रम पास गरी गाउँसभाबाट स्वीकृत गर्ने र बजेट सहित आर्थिक ऐन तथा विनियोजन ऐन पास गरी सभामा पेश गर्ने निर्णय गर्ने | |
| ६. | गाउँसभाको १८औं अधिवेशनको पहिलो बैठक | गाउँसभा सदस्यहरु, कार्यालय र सरोकारवालाहरु | २०८२।०३।१० गते | प्रस्तावहरुमा छलफल, अध्ययन, संसोधन र कार्यपालिका बैठक आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम सभामा पेश र स्वीकृत तथा बजेट सहित आर्थिक ऐन , विनियोजन ऐन लगायत अन्य ऐन तथा प्रस्तावहरु सभामा पेश | सम्भव भए स्वीकृत |
| ७. | गाउँसभाको १८औं अधिवेशनको दोस्रो बैठक | गाउँसभा सदस्यहरु, कार्यालय र सरोकारवालाहरु | २०८२।०३।१४ गते | आगामी आर्थिक वर्षका लागि बजेट तथा कार्यक्रम सहित आर्थिक ऐन , विनियोजन ऐन लगायत अन्य ऐन तथा प्रस्तावहरु सभाबाट स्वीकृत | |
| ८. | वार्षिक नीति तथा कार्यक्रमको अन्तिम प्रति/ वार्षिक योजना, बजेट तथा कार्यक्रम अन्तिम प्रति | अध्यक्ष, कार्यपालिका र कार्यालय | २०८२।०३।१५ गते देखि २०८२।०३।१५३२ सम्म | वार्षिक नीति तथा कार्यक्रम र बजेट सार्वजनिकीकरण | |

**निर्णय २:** आ. व. २०८२।०८३ को गाउँ सभाको १८औं अधिवेशनको तयारी र व्यवस्थापन कार्यपालिका सदस्यहरु, गाउँसभा सदस्यहरु, कार्यालय लगायत सबैको समन्वय, सहजीकरण तथा सहकार्यमा जिम्मेवारीपूर्वक कार्यतालिका बमोजिम गर्ने ।

**निर्णय नं ३(क) :** मिति २०८२।०२।१२ गते बसेको राजश्व परामर्श समिति बैठकका निर्णयहरु र राजश्व परामर्श समितिको प्रतिवेदन अनुमोदन गर्ने र राजश्व चुहावट नियन्त्रणको लागि ईलाका प्रहरी कार्यालय रागेचौरसँग समन्वय गर्ने । साथै, राजश्व परामर्श समितिबाट प्राप्त आर्थिक विद्येयक, २०८२ को मस्यौदामा आर्थिक ऐन, २०८१ को आधारमा आवश्यक अध्ययन तथा थपघट गरी करलाई समयानुकूल हुने गरी आर्थिक विद्येयक, २०८२ को निर्माण गर्ने र आगामी गाउँ सभामा स्वीकृतीका लागि पेश गर्ने ।

**निर्णय नं ३(ख) :** मिति २०८२।०२।२४ गते बसेको शिक्षा समिति बैठकका कक्षा तह समायोजन र शिक्षक दरबन्दी मिलान र पदस्थापन लगायतका सबै निर्णयहरु अनुमोदन गर्ने ।

**निर्णय नं ३(ग) :** यस गाउँपालिकाको विधायन समितिबाट पेश भएका विभिन्न विषयगत शाखाका तपसिलका कार्यविधिहरु आवश्यक अध्ययन तथा संशोधन गरी उपयूक्त भएमा गाउँपालिकालाई थप आर्थिक र अन्य दायित्व नपर्ने गरी स्वीकृत गर्ने ।

**तपसिल**

१. कुमाख गाउँपालिकाको बाल विवाहमुक्त क्षेत्र घोषणा कार्यविधि, २०८२
२. कुमाख गाउँपालिकाको मर्यादित महिनावारी व्यवस्थापन कार्यविधि, २०८२
३. कुमाख गाउँपालिकाको ग्रामिण खानेपानी सेवा सहायता केन्द्र तथा मर्मत सम्भार र सञ्चालन कोष व्यवस्थापन र परिचालन कार्यविधि, २०८२
४. कुमाख गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी संस्थागत संरचना व्यवस्थापन तथा परिचालन कार्यविधि, २०८२

५. कुमाख गाउँपालिकाको लैङ्गिक उत्तरदायी तथा अपाङ्गता समावेशी पञ्चबर्षिय योजना तर्जुमा, २०८२/०८३-२०८६/०८७ (प्रक्रिया नपुगेकोले सम्पूर्ण प्रक्रिया पुराभए पछि आगामी बैठकमा स्वीकृत गर्ने)

६. कुमाख गाउँपालिकाको पूर्ण सरसफाइ प्रबर्द्धनको लागि स्थानीय तहको कार्य योजना २०८२ (२०८२-२०८४) (प्रक्रिया नपुगेकोले सम्पूर्ण प्रक्रिया पुराभए पछि आगामी बैठकमा स्वीकृत गर्ने)

**निर्णय नं ३(घ) :** यस गाउँपालिका अन्तरगत तोकिएका क्षेत्रहरुबाट ढुङ्गा गिट्टी तथा बालुवा लगायत नदिजन्य पदार्थहरुको उत्खनन् संकलन तथा बिक्री वितरण कार्य बन्द गर्नको लागि नियमानुसार सूचना सार्वजनिक गरी प्रयोग गर्न बाँकी पदार्थ तथा स्रोतको मौज्दात प्रमाणित गरी असार मसान्तसम्म प्रयोग गरीसक्न निर्देशन सहित अनुमति दिई आवश्यक व्यवस्था कार्यान्वयन गर्ने/गराउने।

**निर्णय नं ३(ङ) :** यस गाउँपालिका अन्तर्गतको साधनमुढाचौर एक घर एक धारा खानेपानी आयोजना (KRM-NCB-W-03-2081/082) को म्याद थपको कारण सहित निवेदन प्राप्त भएकोले मिति २०८२।०२।१६ देखि मिति २०८२।०३।१५ गतेसम्म एक महिना म्याद थप गरी नियमानुसार भुक्तानी गर्ने।

**आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।**